कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ९१ | वि.सं. २०८३ असार २९ सोमवार | नेपाल संवत: ११४५, आषाढ कृष्ण चतुर्दशी | Monday 13 July 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## नेपालगन्ज उपमहानगरपालिकाको एक अर्ब ७६ करोडको बजेट पारित




**युग संवाददाता**
**नेपालगञ्ज, २८ असार ।**
नेपालगञ्ज उपमहानगरपालिका सभाले आगामी आर्थिक वर्षका लागि प्रस्तुत रु. एक अर्ब ७६ करोडको बजेट पारित गरेको छ।

नगर प्रमुख प्रशान्त विष्टको अध्यक्षतामा शनिबार सम्पन्न १९औं नगर सभाले वागीश्वरी मन्दिर क्षेत्रको सौन्दर्यीकरण, खडेश्वर जुँगे महादेव मन्दिर, १०८ फिट अग्लो हनुमान् मूर्ति, व्यापारिक भवन निर्माण, जमुनाहा नाकामा प्रवेशद्वार तथा नगर बसपार्क निर्माणसम्बन्धी प्रस्ताव अनुमोदन गरेको छ।

नेपालगञ्ज चक्रपथको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) शीघ्र सम्पन्न गरी कार्यान्वयन प्रक्रिया अघि बढाइने भएको छ।

## बेलौरीमा नसर्ने रोगका बिरामी बढ्दै

**युग संवाददाता**
**कञ्चनपुर, २८ असार ।**
बदलिँदो जीवनशैली, असन्तुलित खानपान र शारीरिक गतिविधिमा आएको कमीका कारण कञ्चनपुरको बेलौरी नगरपालिकामा नसर्ने रोगका बिरामीको सङ्ख्या बढ्दै गएको पाइएको छ। नगरपालिकाले हालै सञ्चालन गरेको स्वास्थ्य परीक्षण शिविरमा सहभागी प्रत्येक तीन जनामध्ये एक जनामा कुनै न कुनै प्रकारको नसर्ने रोग देखिएको हो।

नगरपालिकाको स्वास्थ्य शाखाले १० वटै वडामा सञ्चालन गरेको नसर्ने रोग (एनसिडी) स्क्रिनिङ शिविरमा तीन हजार ३१६ जनाको स्वास्थ्य परीक्षण गरिएको थियो। परीक्षण गरिएकामध्ये एक हजार १२ जनामा उच्च रक्तचाप, मोटोपना, मधुमेह वा मिर्गौलासम्बन्धी समस्या पुष्टि भएको जनस्वास्थ्य अधिकृत मानबहादुर चन्दले जानकारी दिए।

उनका अनुसार स्वास्थ्य परीक्षण गरिएकामध्ये ४११ जनामा मोटोपना, ३६८ जनामा उच्च रक्तचाप, १५२ जनामा मधुमेह र ८१ जनामा मिर्गौलासम्बन्धी समस्या देखिएको छ। अधिकांश बिरामीलाई आफूमा रोग रहेको जानकारी नै नभएको अवस्थामा स्क्रिनिङमार्फत रोग पहिचान गरिएको उनले बताए।

"नसर्ने रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दैन", चन्दले भने, "तर अस्वस्थ जीवनशैलीका कारण यसको जोखिम निरन्तर बढिरहेको छ, अत्यधिक नुन, चिल्लो तथा चिनीको सेवन, प्रशोधित खाद्य पदार्थको प्रयोग, नियमित शारीरिक व्यायामको अभाव, धुमपान, सुर्तीजन्य पदार्थ तथा मदिरा सेवन, पर्याप्त निद्राको कमी, मानसिक तनाव र मोटोपनाले उच्च रक्तचाप, मधुमेह, मुटु तथा मिर्गौलाका रोगका साथै केही प्रकारका क्यान्सरको जोखिमसमेत बढाउँछ।"

## 'खेलकुदले समाजलाई सबल र सकारात्मक बनाउँछ'




**युग संवाददाता**
**बाँके, २८ असार ।**
नेपालगन्जका खेलाडी तथा खेलकर्मीहरूले खेलकुदले सकारात्मक समाज निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताएका छन्।

यहाँस्थित महेन्द्र पुस्तकालयले आज आयोजना गरेको 'खेलकुदले बनाउने समाज' विषयक विमर्श कार्यक्रममा वक्ताहरूले खेलकुद केवल मनोरञ्जन वा प्रतिस्पर्धामात्र नभएर अनुशासित र सबल समाज बनाउने बलियो माध्यम भएको कुरामा जोड दिए।

कार्यक्रममा ओलिम्पियन तथा लुम्बिनी प्रदेशका पूर्वमन्त्री सुरेन्द्र हमालले खेलकुदको पहिलो शर्त नै अनुशासन भएको बताए। राजनीति र खेलकुदको समय पालनलाई तुलना गर्दै उनले भने, "राजनीतिमा जति ढिलो पुग्यो, त्यति ठूलो मान्छे मानिने गलत संस्कार छ, तर खेलमा तोकिएको समयभन्दा पाँच मिनेटमात्र ढिलो भएमा खेलबाटै 'वाकआउट' दिइन्छ।"

आफ्नो व्यक्तिगत जीवनको अनुभव सुनाउँदै हमालले आफू क्यान्सर रोगबाट पीडित भए पनि खेल जीवनले सिकाएको सकारात्मक ऊर्जा र दृढ इच्छाशक्तिका कारण रोगलाई जित्न कहीँ न कहीँ भूमिका खेलेको उल्लेख गरे।

अर्का खेलाडी समसुद्धिन सिद्दीकीले खेलकुदले समाजमा स्वस्थ र सकारात्मक प्रतिस्पर्धाको वातावरण निर्माण गर्ने बताए। उनले आफ्नो पुरानो अनुभव स्मरण गर्दै भने, "खेलकुदले कसैको खुट्टा तान्न होइन, बरु अरूभन्दा अघि बढेर कसरी सफल हुने भन्ने सिकाउँछ।" पूर्वखेलाडी शान्ति सिंहले महिलाहरूलाई सबल र आत्मनिर्भर बनाउन खेलकुदले ठूलो भूमिका खेलेको उल्लेख गरे।

नेपालगन्जको पहिलो पुस्ताको महिला खेलाडीका रूपमा आफ्ना सुरुआती दिनहरू सम्झँदै उनले भने, "सुरुका दिनमा महिलालाई खेलकुदमा सहभागी हुन समाजमा निकै ठूलो समस्या थियो तर, खेलकै माध्यमबाट देशविदेशमा गएर मेडल जितेर फर्किएपछि समाजको दृष्टिकोण बदलियो।" खेलकुदकै कारण महिलाहरूको सहभागितालाई समाजले सामान्य रूपमा लिन थालेको र यसले महिलाहरूलाई आर्थिक रूपमा समेत सबल बनाएको सिंहको भनाइ थियो। उनले खेलकुदले महिला पनि केही गर्न सक्छन् भन्ने सकारात्मक सन्देश र उदाहरण दिने मौका प्रदान गरेको बताए ।

# सामुदायिक विद्यालयमा शुल्क बाध्यता कि बहाना ?

### सरकारले विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी दिएको छैन, यही कारण संविधान र नियम-कानुनले निशेध गरे पनि विद्यालयहरुले शिक्षामा शुल्क लगाइरहन्छन् ।

**ओम शाही**
**सुर्खेत, २८ असार ।**
हरेक नयाँ शैक्षिक सत्र सुरु हुँदा सुर्खेतको जन नमुना माध्यमिक विद्यालय (जनमावि) दुई कारणले चर्चामा रहन्छ। पहिलो- अध्ययनको लागि भर्ना हुन चाहने विद्यार्थीको अत्यधिक चाप र दोस्रो-चन्दाको नाममा अभिभावकसँग लिइने शुल्क। सीमित कोटाको कारण आवेदन दिएका सबै विद्यार्थीले भर्ना हुन पाउँदैनन्। अर्कोतिर भर्ना हुने अवसर पाएकाहरुले पनि शुल्क तिर्नुपर्छ।

नेपालको संविधानले आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको हक सुनिश्चित गरेको छ। संविधानको धारा ३१ मा उल्लेखित यही व्यवस्थाले सामुदायिक विद्यालयलाई कुनै पनि शीर्षकमा शुल्क लिन नपाउने कानुनी दायित्व तोकेको छ। तर, व्यवहारमा जनमाविमात्र होइन, अधिकांश सामुदायिक विद्यालयहरु अभिभावक सहयोग, स्वेच्छिक चन्दा वा अन्य नाममा रकम उठाउन बाध्य छन्। यसलाई आलोचना वा विवादको विषय बनाउनु भन्दा पनि विद्यालयले विभिन्न नाममा किन शुल्क लिइरहेका छन् ? वा, विद्यालयहरु शुल्क लिन बाध्य छन् ? यी प्रश्नको गहिराइमा पुग्न आवश्यक छ। यसको जवाफ जनमाविबाटै खोजी गरौं।

१९९० सालमा स्थापित उक्त विद्यालय कर्णाली प्रदेशकै ठूलो र पुरानोमध्येमा पर्दछ। करिब ३ हजार ५ सय विद्यार्थी अध्ययनरत जनमाविमा शिक्षक दरबन्दी १ सय १८ रहेको छ। सरकारले नै निर्धारण गरेको शिक्षक-विद्यार्थी अनुपातको मापदण्डअनुसार दरबन्दीले १ हजार ३ सयभन्दा विद्यार्थी धान्न सक्दैन। यस्तो अवस्थामा झण्डै दुईतिहाइ विद्यार्थीलाई पढाउन विद्यालय आफैले स्रोतसाधन जुटाउनुपर्ने बाध्यता छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोविन्दबहादुर कोइराला भन्छन्, 'भर्ना भएका सबै विद्यार्थीलाई गुणस्तरीय शिक्षा दिनु विद्यालयको दायित्व र कर्तव्य हो, तर सरकारले उपलब्ध गराएका शिक्षकले विद्यार्थीको चाप धान्न सक्दैन,' उनी भन्छन्, 'यस्तो अवस्थामा विद्यालयको आफ्नै आन्तरिक आम्दानी, अभिभावकहरुको स्वेच्छिक सहयोग र अन्य स्रोतबाट शिक्षक व्यवस्थापन गर्नुपर्ने बाध्यता छ।'



जनमावि कर्णाली प्रदेशको सबैभन्दा बढी आन्तरिक आम्दानी भएको सामुदाकिय विद्यालय हो। विद्यालयले आफ्नो जग्गामा बनेका संरचना व्यावसायिक भाडामा लगाएर आम्दानी गर्छ। तैपनि विद्यार्थीको चाप अत्यधिक हुँदा शिक्षकको चरम खडेरी भोगिरहन्छ। सरकारले विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी दिएको छैन। यही कारण संविधान र नियम-कानुनले निशेध गरे पनि शिक्षामा शुल्क लगाइरहन्छ।

'निःशुल्क शिक्षाको कानुनी प्रबन्धलाई हामी सम्मान गर्दछौं, तर विद्यालयमा भर्ना भएका हरेक विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने विद्यालयको दायित्वलाई पनि बिर्सन मिल्दैन,' अध्यक्ष कोइराला भन्छन्, 'भौतिक संरचनाको सीमितता, स्रोतको अभाव र अन्य विविध कारणले भर्ना हुन चाहने जति सबैलाई पढाउन सकिरहेका छैनौं।'

वीरेन्द्रनगर-११ मा अवस्थित अमरज्योति नमुना माविले पनि जनमाविको जस्तै समस्या भोगिरहेको छ। करिब ३ हजार विद्यार्थी अध्ययनरत उक्त विद्यालयमा शिक्षकको दरबन्दी ३५ रहेको छ। यो दरबन्दीले करिब १ हजार ३ सय विद्यार्थीलाई धान्न सक्छ। तर सरकारले आवश्यक दरबन्दी व्यवस्था नगर्दा वर्षेनि अभिभावकबाट चन्दा उठाउनुपर्ने बाध्यता रहेको प्रधानाध्यापक खगेन्द्र थापा बताउँछन्।

'संविधानमा कक्षा १२ सम्म अनिवार्य तथा निःशुल्क शिक्षा लेखियो। तर, कार्यान्वयनका लागि आवश्यक जनशक्ति र स्रोतको व्यवस्था भएन,' उनी भन्छन्, 'तीन तहको सरकार बनेपछि सामुदायिक विद्यालयको अवस्था 'न भुइँ न भाँडो' जस्तो भएको छ, अहिले विद्यालयहरू संविधानको व्यवस्था पालना गर्ने कि विद्यालय सञ्चालन गर्ने भन्ने दोधारमा छन्।' विद्यालयहरूले विद्यार्थीबाट शुल्क उठाउनु रहर नभई बाध्यता भएको उनले बताए।

सरकारले उपलब्ध गराएको शिक्षक दरबन्दीले विद्यालय सञ्चालन गर्न नसक्ने अवस्था भएकाले निजीस्रोतबाट शिक्षक तथा कर्मचारी राख्नुपरेको र त्यसका लागि अभिभावकबाट शुल्क लिनुपर्ने अवस्था सिर्जना भएको उनको भनाइ छ। स्थानीय तहले विद्यालयलाई शुल्क नलिन निर्देशन दिने, तर बजेट वा जनशक्ति उपलब्ध नगराउने प्रवृत्तिप्रति पनि सामुदायिक विद्यालय असन्तुष्ट छन्। विद्यालयलाई शुल्क नलिन उर्दी जारी गरे पनि त्यसको विकल्प नदिइने उनीहरुको भनाई छ।

'बाहिरबाट हेर्दा विद्यालयले जबर्जस्ती शुल्क उठाएको जस्तो देखिन्छ, तर वास्तविकता विद्यालय सञ्चालनको बाध्यता हो, प्रधानाध्यापक थापा भन्छन्, 'समस्या समाधानका लागि सरकारले विद्यालयको वास्तविक आवश्यकता र विद्यार्थीको चापलाई आधार बनाएर नीति बनाउनुपर्छ, ।' दुर्गम जिल्लाका सयौं विद्यार्थीहरु वीरेन्द्रनगरमा थुप्रिने र उता विद्यार्थी नहुँदा शिक्षक खाली बस्ने अवस्था अन्त्यको लागि आवश्यकता अनुसार विद्यालय समायोजन (मर्ज) को नीति अघि बढाउनुपर्ने उनले बताए।

सुर्खेतको बराहताल गाउँपालिका-५, स्थित जनज्योति माध्यमिक विद्यालयले पनि विद्यार्थीको अनुपातमा शिक्षक पाउन सकेको छैन। साढे ७ सय विद्यार्थी अध्ययनरत जनज्योतिमा शिक्षकको दरबन्दी २७ रहेको छ। 'विद्यार्थीको संख्या धेरै छ, तर दरबन्दी अनुसार शिक्षक हुनुहुन्न,' प्रधानाध्यापक सुरेन्द्र रावत भन्छन्, 'भएको जनशक्तिले भरथेग चलेको छ, शिक्षामा सरकारको पर्याप्त लगानी नहुँदा त्यसको असर गुणस्तरी शिक्षामा पनि पर्दछ।' दैलेखको भगवतीमाई गाउँपालिकाको ज्वाला माध्यमिक विद्यालयले पनि विद्यार्थीको अनुपातमा शिक्षक अभाव झेलिरहेको छ। त्यहाँ करिब ५ सय विद्यार्थी अध्ययनरत छन्।

कक्षा-१२ सम्म प्राविधिक विषयसमेत पढाइ हुने विद्यालयमा स्थायी, राहत, अस्थायी र पालिका अनुदान गरी ३० शिक्षक कार्यरत छन्। दैलखका अन्यत्र विद्यालयभन्दा शिक्षक संख्या राम्रो छ, तर विद्यार्थी संख्याका आधारमा विषयगत शिक्षकको अभाव भोगिरहेको छ। ज्वाला माविले कक्षा-१० सम्म विद्यार्थी भर्ना वा अन्य कुनै पनि शुल्क लिँदैन। कक्षा-११ र १२ मा भने शिक्षक तथा कर्मचारी व्यवस्थापनमा विद्यार्थी र अभिभावकबाट शुल्क लिन्छ। विद्यालयका शिक्षक देवेन्द्र अधिकारी भन्छन्, 'शिक्षक अभावको कारण सेक्सन विभाजन गर्न सकिएको छैन, एकजनाले धेरै विद्यार्थीलाई पढाउनुपर्ने बाध्यता छ।'

विद्यालयहरुले जसोतसो शिक्षक व्यवस्थापन त गरेका छन्, तर उनीहरुको न्यून पारिश्रमिक, पेशागत असुरक्षा र वृत्तिविकासको अभावले गुणस्तरीय शिक्षा प्रवाहको सुनिश्चितता हुन सकेको छैन। विद्यालयहरुले जसोतसो शिक्षक व्यवस्थापन त गरेका छन्, तर उनीहरुको न्यून पारिश्रमिक, पेशागत असुरक्षा र वृत्तिविकासको अभावले गुणस्तरीय शिक्षा प्रवाहको सुनिश्चितता हुन सकेको छैन।

जनमाविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष कोइराला आन्तरिक स्रोतबाट दक्ष शिक्षक ल्याउन र टिकाइराख्न निकै चुनौती भएको बताउँछन्। 'सरकारले

बाँकी ३ पेजमा



## सम्पादकीय....

# राहतभन्दा दीर्घकालिन समाधान आवश्यक

कर्णाली प्रदेशमा मानव र वन्यजन्तुबिचको द्वन्द्व वर्षेनी बढ्दै गएको तथ्यांकले देखाएको छ। चालु आर्थिक वर्षमै २ सय ६९ वटा द्वन्द्वका घटना हुनु, तीन जनाले ज्यान गुमाउनु, सयभन्दा बढी किसानको अन्नबाली नष्ट हुनु र दर्जनौं पशुधन मारिनु सामान्य घटना होइनन् । यसले वन्यजन्तु संरक्षण र मानव सुरक्षाबिचको सन्तुलन गम्भीर रूपमा कमजोर बन्दै गएको संकेत गर्छ। जंगल नजिकका बस्ती असुरक्षित बन्दै गएका छन् भने किसानको जीविकोपार्जनमाथि प्रत्यक्ष असर परेको छ। प्रदेश सरकारले राहत वितरणको व्यवस्था गरेको छ। मृतकका परिवारलाई क्षतिपूर्ति, घाइतेलाई उपचार खर्च तथा बाली र पशुधनको क्षतिको राहत उपलब्ध गराइएको छ। तर, राहतले मात्र समस्या समाधान गर्दैन। बरु वर्षेनी राहत वितरणमा राज्यको खर्च बढ्दै जाने, किसानको उत्पादन घट्ने र खाद्य सुरक्षामै चुनौती थपिने अवस्था सिर्जना भइरहेको छ। सरकारले नै बजेट अभावका कारण सबै पीडितलाई राहत दिन नसकिएको स्वीकार गरिसकेको अवस्थामा दीर्घकालीन समाधान खोज्नु अपरिहार्य बनेको छ। मानव-वन्यजन्तु द्वन्द्वसँगै वन्यजन्तु अपराध पनि तीव्र रूपमा बढ्नु अर्को चिन्ताको विषय हो।

एक वर्षमै वन्यजन्तु अपराधका मुद्दा दोब्बर हुनु संरक्षण प्रणालीमाथिको चुनौती हो। कर्णाली जैविक विविधताले सम्पन्न प्रदेश हो। यहाँ दुर्लभ स्तनधारी, चराचुरुङ्गी तथा संरक्षित वन्यजन्तुको महत्वपूर्ण वासस्थान रहेको छ। तर, अवैध शिकार, छाला, कस्तुरी, भालुको पित्त तथा अन्य बहुमूल्य अङ्गको अवैध कारोबारले जैविक सम्पदामाथि गम्भीर खतरा उत्पन्न गरिरहेको छ। सुर्खेत, डोल्पा र हुम्लाजस्ता जिल्लामा देखिएको बढ्दो अपराधले कानुन कार्यान्वयन थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखाएको छ। संरक्षणका लागि प्रदेशभर वन कार्यालयको संरचना भए पनि पर्याप्त भवन, सवारीसाधन, आधुनिक उपकरण र दक्ष जनशक्तिको अभावले काम प्रभावकारी बन्न सकेको छैन।

घाइते वा समस्याग्रस्त वन्यजन्तुको उद्धारदेखि नियमित गस्ती र अपराध नियन्त्रणसम्म सबै क्षेत्रमा स्रोतसाधनको कमी देखिन्छ। यसले संरक्षणका प्रयासलाई कमजोर बनाएको छ। अब सरकारको प्राथमिकता राहत वितरणमा मात्र सीमित हुनु हुँदैन। वन्यजन्तुको प्राकृतिक बासस्थान संरक्षण, जैविक मार्ग (वाइल्डलाइफ करिडोर) को व्यवस्थापन, बस्ती र खेतीयोग्य जमिनको सुरक्षा, समुदायमा आधारित संरक्षण कार्यक्रम, आधुनिक प्रविधिमार्फत निगरानी तथा स्थानीय समुदायको सक्रिय सहभागितालाई प्राथमिकता दिनुपर्छ। वन्यजन्तु अपराध नियन्त्रणमा सुरक्षा निकाय, वन प्रशासन र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक छ। मानव जीवनको सुरक्षा र वन्यजन्तुको संरक्षण एकअर्काका विरोधी होइनन्। वैज्ञानिक व्यवस्थापन, पर्याप्त लगानी र प्रभावकारी कार्यान्वयनमार्फत मात्र कर्णालीले आफ्नो जैविक सम्पदा जोगाउँदै नागरिकको सुरक्षा सुनिश्चित गर्न सक्छ।

## विश्व

# अल्भारेजको निर्णायक गोलमा अर्जेन्टिना विश्वकप सेमिफाइनलमा



कान्सास सिटी, २८ असार ।

अतिरिक्त समयको ११२औँ मिनेटमा जुलियन अल्भारेजले गरेको निर्णायक गोलसँगै साविक विजेता अर्जेन्टिनाले स्विट्जरल्यान्डलाई ३-१ ले हराउँदै फिफा विश्वकप २०२६ को सेमिफाइनल यात्रा तय गरेको छ।

अतिरिक्त समयको अन्तिम क्षणमा लाउटारो मार्टिनेजले अर्को गोल थपेपछि अर्जेन्टिनाको जित सहज देखिए पनि खेल निकै प्रतिस्पर्धात्मक बनेको थियो। अर्जेन्टिनाका लागि पहिलो गोल एलेक्सिस म्याक एलिस्टरले लियोनेल मेसीको कर्नर पासमा गरेका थिए।

यस जितसँगै अर्जेन्टिनाले बुधबार एटलान्टामा हुने सेमिफाइनलमा इङ्गल्यान्डसँग प्रतिस्पर्धा गर्नेछ। इङ्गल्यान्डले क्वार्टरफाइनलमा नर्वेलाई २-१ ले हराएर अन्तिम चारमा स्थान बनाएको थियो।

मेसीको लगातार नौ विश्वकप खेलमा गोल गर्ने शृङ्खला यस खेलमा रोकिए पनि अर्जेन्टिनाको लगातार दोस्रो विश्वकप उपाधि जित्ने अभियान भने कायम रहेको छ। अर्जेन्टिना, इङ्गल्यान्ड, फ्रान्स र स्पेन सेमिफाइनलमा पुगेसँगै फिफा वरीयताका शीर्ष चार टोली पहिलो पटक एकै विश्वकपको अन्तिम चारमा पुगेका छन्।

दोस्रो हाफमा रेफ्रीको एउटा निर्णय विवादको विषय बन्यो। ६७औँ मिनेटमा डान एनडोयेले स्विट्जरल्यान्डका लागि बराबरी गोल गरेपछि लिआन्ड्रो पारेडेसलाई ब्रिल एम्बोलोमाथि फाउल गरेको भन्दै वहेँलो कार्ड देखाइएको थियो। तर भिडियो समीक्षामा सम्पर्क हुनुअघि नै एम्बोलो लडेको देखिएपछि निर्णय संशोधन गरियो। यसअघि नै वहेँलो कार्ड पाइसकेका एम्बोलोलाई अन्ततः मैदानबाट बाहिर पठाइएपछि स्विट्जरल्यान्ड १० खेलाडीमा सीमित भयो।

विश्वकपमा 'गलत खेलाडीको पहिचान'सम्बन्धी नियम प्रयोग गरी भिडियो सहायक रेफ्रीको हस्तक्षेपबाट कार्डको निर्णय परिवर्तन गरिएको यो दोस्रो घटना हो।

क्वार्टरफाइनलसम्म आइपुग्दा अर्जेन्टिनाले नकआउट चरणका दुवै अघिल्ला खेलमा कठिन सङ्घर्ष गरेको थियो। अन्तिम १६ मा केप भर्डेलाई अतिरिक्त समयमा हराएको अर्जेन्टिनाले त्यसपछि इजिप्टविरुद्ध निर्धारित समयको अन्तिम चरणमा पुनरागमन गर्दै क्वार्टरफाइनल यात्रा तय गरेको थियो।

स्विट्जरल्यान्डले भने सन् १९५४ पछि पहिलो पटक विश्वकपको क्वार्टरफाइनल खेलेको थियो। तर उसले अझै पनि विश्वकप इतिहासमा पहिलो पटक सेमिफाइनल पुग्ने लक्ष्य पूरा गर्न सकेन।

खेलको सुरुआतमा बलमा स्विट्जरल्यान्डको पकड देखिए पनि मेसीको कर्नरमा म्याक एलिस्टरले गोल गर्दै अर्जेन्टिनालाई अग्रता दिलाएका थिए।

दोस्रो हाफमा अर्जेन्टिनाका गोलरक्षक एमिलियानो मार्टिनेजले दुई महत्त्वपूर्ण बचाउ गरे पनि रिकार्डो रोड्रिगेजको पासमा डान एनडोयेले गोल गर्दै खेल १-१ को बराबरीमा ल्याएका थिए।

# हामीलाई चाहिएको विज्ञता कि व्यवस्थापन ?



नारायण प्रसाद सापकोटा

नेपाल सरकारले हालै विभिन्न सार्वजनिक पदहरूमा नियुक्तिहरू गरेको छ।

पशुपति क्षेत्र विकास कोषको सदस्य सचिवमा पोखराका तीर्थ श्रेष्ठ नियुक्त भएका छन् भने त्रिवि सेवा आयोगको अध्यक्षमा पूर्वसचिव किशोर थापा नियुक्त भएका छन्। त्यसैगरी विभिन्न ७ वटा विश्वविद्यालयका उपकुलपतिहरू पनि खुला प्रतिस्पर्धाबाट मेरिटका आधारमा नियुक्त गरिएको सरकारले जनाएको छ।

त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा प्रा. भोला थापा नियुक्त भएका छन्। साथै पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपतिमा प्रा. सुजनबाबु मरहट्टा, पोखरा विश्वविद्यालयको उपकुलपतिमा प्रा. देवेन्द्र अधिकारी, मध्यपश्चिम विश्वविद्यालयको उपकुलपतिमा प्रा. राजन सुवाल, सुदूरपश्चिम विश्वविद्यालयको उपकुलपतिमा प्रा. किसनदत्त भट्ट, राजर्षि जनक विश्वविद्यालयको उपकुलपतिमा प्रा. श्यामनारायण लाभ र कृषि तथा वन विश्वविद्यालयको उपकुलपतिमा प्रा. ऋषिराम कट्टेल नियुक्त भएका छन्। यी नियुक्तिहरू सार्वजनिक भएसँगै सामाजिक सञ्जाल, सञ्चारमाध्यम, प्राध्यापक समुदाय, राजनीतिक वृत्त र बौद्धिक समाजमा अनेक प्रतिक्रिया देखिए।

विशेषगरी त्रिभुवन विश्वविद्यालय सेवा आयोगको अध्यक्षमा लामो समयसम्म अध्यापन गरेका प्राध्यापक नभई प्रशासनिक सेवाबाट आएका पूर्वसचिव नियुक्त हुनु धेरै चासोको विषय बनेको छ।

कतिपयले विश्वविद्यालयको नेतृत्व विश्वविद्यालयभित्रकै प्राध्यापकले गर्नुपर्छ भन्ने तर्क गरेका छन्। केहीले खुला प्रतिस्पर्धा केवल औपचारिकता भएको र अन्ततः राजनीतिक निकटता भएकाहरू नै छनोट भएको आरोप लगाएका छन्।

अर्कोतर्फ, केहीले भने नयाँ ढंगबाट सोच्ने र संस्थागत व्यवस्थापन गर्न सक्ने व्यक्तिलाई अवसर दिनु सकारात्मक प्रयोग भएको तर्क पनि गरेका छन्।

यी प्रतिक्रियाबीच एउटा निकै गम्भीर प्रश्न भने ओझेलमा पर्न थालेको छ।

हामी वास्तवमा केको बारेमा बहस गरिरहेका छौं – व्यक्तिबारे कि प्रणालीबारे? हाम्रो सार्वजनिक बहसको एउटा कमजोरी के हो भने हामी प्रायः व्यक्तिको पक्ष वा विपक्षमा उभिन्छौं, तर संस्थाको अवस्थाबारे कमै छलफल गर्छौं। कुनै नियुक्ति भएपछि व्यक्ति कुन दलसँग निकट छ, कुन समुदायबाट आएको छ, कुन पृष्ठभूमिको छ भन्नेमा धेरै समय खर्च गर्छौं। तर उसले नेतृत्व गर्न गइरहेको संस्था किन वर्षौंदेखि कमजोर बन्दै गइरहेको छ भन्ने प्रश्नमा पर्याप्त ध्यान दिँदैनौं। त्रिभुवन विश्वविद्यालयको उदाहरण नै हेरौं।

त्रिभुवन विश्वविद्यालय नेपालको सबैभन्दा पुरानो, सबैभन्दा ठूलो र प्रतिष्ठित विश्वविद्यालय हो। यहाँ लाखौं विद्यार्थी अध्ययन गर्छन्। हजारौं शिक्षक र कर्मचारी कार्यरत छन्।

नेपालका अधिकांश नीति निर्माता, प्रशासक, न्यायाधीश, वैज्ञानिक, चिकित्सक, अभियन्ता, पत्रकार र राजनीतिज्ञ यही विश्वविद्यालयका उत्पादन हुन्। यति ठूलो संस्थाले देशको बौद्धिक भविष्य निर्धारण गर्ने भएकाले यसको नेतृत्वको विषय स्वाभाविक रूपमा संवेदनशील हुन्छ।

विगतमा त्रिभुवन विश्वविद्यालयको चर्चा केका लागि र कसरी भयो? उत्कृष्ट अनुसन्धान र बौद्धिक अगुवाइका कारण भयो कि राजनीतिक हस्तक्षेप, परीक्षामा ढिलाइ, कमजोर नतिजा, कमजोर सिकाइ उपलब्धि, नियुक्ति विवाद, अनिश्चित शैक्षिक क्यालेन्डर र प्रशासनिक अस्तव्यस्तताका कारण भयो?

प्रत्येक वर्ष हजारौं विद्यार्थी परीक्षा सकिएपछि महिनौं नतिजाको प्रतीक्षामा बस्छन्। शिक्षक नियुक्ति प्रक्रियामाथि बारम्बार प्रश्न उठ्छ। सेवा आयोगका निर्णय विवादमा पर्छन्।

विश्वविद्यालयको शैक्षिक क्यालेन्डर पटक-पटक प्रभावित हुन्छ। अनुसन्धान र नवप्रवर्तनभन्दा आन्दोलन, तालाबन्दी र प्रशासनिक विवाद बढी समाचार बन्छन्।

यस्तो अवस्था सिर्जना हुनुमा कुनै एक व्यक्तिलाई दोष दिएर मात्र पुग्दैन। यो समस्या धेरै गहिरो छ। यो संस्थागत नेतृत्व, प्रशासनिक संस्कृति, राजनीतिक हस्तक्षेप, उत्तरदायित्वको अभाव र व्यवस्थापनको कमजोरीसँग जोडिएको प्रश्न हो। यही सन्दर्भमा अर्को प्रश्न स्वाभाविक रूपमा उठ्छ। यदि विगतमा अधिकांश नेतृत्व सम्बन्धित विषयका विज्ञहरूकै हातमा थियो भने अपेक्षित सुधार किन आएन?

यो प्रश्न कसैको विज्ञताको अपमान गर्न होइन। नेपालका विश्वविद्यालयहरूमा अत्यन्त प्रतिभाशाली र अन्तर्राष्ट्रिय स्तरका प्राध्यापकहरू छन्। उनीहरूको ज्ञान, अनुसन्धान र शैक्षिक योगदानप्रति सम्मान हुनुपर्छ। तर एउटा असहज सत्य पनि स्वीकार गर्नुपर्छ। विषयगत उत्कृष्टता र संस्थागत नेतृत्व एउटै कुरा होइन।

कुनै व्यक्ति विश्वकै उत्कृष्ट भौतिकशास्त्री हुन सक्छ, तर ठूलो विश्वविद्यालय सफलतापूर्वक सञ्चालन गर्न नसक्न सक्छ। कुनै व्यक्ति उत्कृष्ट शल्यचिकित्सक हुन सक्छ, तर हजारौं कर्मचारी भएको अस्पताल कुशलतापूर्वक व्यवस्थापन गर्न नसक्न सक्छ। कुनै व्यक्ति अन्तर्राष्ट्रिय स्तरको अर्थशास्त्री हुन सक्छ, तर सार्वजनिक संस्थाको जटिल प्रशासन सम्हाल्न कठिनाइ अनुभव गर्न सक्छ। त्यसैगरी, कुनै व्यक्ति प्रशासनिक नेतृत्वमा अत्यन्त सक्षम हुन सक्छ, तर उसले कुनै विशेष विषयमा विद्यावारिधि नगरेको हुन सक्छ। तसर्थ, विज्ञता र व्यवस्थापकीय क्षमता फरक विषय हुन्।

एउटाले अर्कोको स्थान लिन सक्दैन। यस्तो दुवै क्षमता भएका व्यक्ति निकै थोरै हुन्छन्। सबैभन्दा उत्कृष्ट अवस्था त त्यही हो, जहाँ विज्ञता र व्यवस्थापन क्षमता दुवै एकै व्यक्तिमा होऊन्।

नेपालमा भने हामीले यी पक्षलाई प्रायः एउटै ठान्ने गल्ती गरेका छौं। हामीलाई लाग्छ, जो सबैभन्दा ठूलो विज्ञ हो, ऊ स्वतः सबैभन्दा राम्रो प्रशासक पनि हुन्छ। तर व्यवस्थापन विज्ञान, नेतृत्व अध्ययन र विश्वका सफल संस्थाहरूको अनुभवले यस्तो निष्कर्षलाई समर्थन गर्दैन।

विश्वविद्यालय भनेको ज्ञान उत्पादन गर्ने संस्था मात्र होइन। यो एउटा विशाल संगठन पनि हो। यहाँ मानव स्रोत व्यवस्थापन छ। वित्तीय प्रशासन छ। कानुनी उत्तरदायित्व छ। पूर्वाधार विकास छ। सूचना प्रविधि छ। अन्तर्राष्ट्रिय सम्बन्ध छन्। अनुसन्धान व्यवस्थापन छ। नीति निर्माण छ। संकट व्यवस्थापन छ। सयौं दैनिक प्रशासनिक निर्णय छन्। यी सबैलाई समन्वय गर्न सक्ने नेतृत्व आवश्यक हुन्छ।

यहाँ अर्को एउटा भ्रम पनि हटाउनुपर्ने देखिन्छ। धेरैले सेवा आयोगको अध्यक्ष वा उपकुलपतिलाई सम्पूर्ण शैक्षिक प्रक्रियाको केन्द्र ठान्छन्।

वास्तवमा, त्रिभुवन विश्वविद्यालय सेवा आयोगको अध्यक्षले स्वयं सबै शिक्षक नियुक्तिका लागि परीक्षा लिने होइन। उनले भौतिकशास्त्र, इतिहास, कानुन, चिकित्सा, अर्थशास्त्र वा समाजशास्त्रका प्रश्नपत्र तयार गर्ने पनि होइनन्। उनले उम्मेदवारको उत्तरपुस्तिका जाँच्ने पनि होइनन्। यी सबै काम सम्बन्धित विषयका विशेषज्ञहरूले गर्ने हुन्।

अध्यक्षको प्रमुख जिम्मेवारी भनेको सम्पूर्ण प्रणाली निष्पक्ष, पारदर्शी, समयबद्ध र विश्वसनीय बनाउने हो। योग्य विज्ञहरूको छनोट गर्ने, प्रक्रियालाई प्रभावकारी बनाउने, प्रशासनिक अवरोध हटाउने, अनियमितता रोक्ने र संस्थाप्रति विश्वास कायम गर्ने हो।

यसर्थ प्रश्न यो होइन कि अध्यक्ष स्वयं सबैभन्दा ठूलो विज्ञ हुन् कि होइनन्। वास्तविक प्रश्न हो, उनी योग्य विज्ञहरूको सही परिचालन गर्न सक्षम छन् कि छैनन्?

किनभने कुनै पनि संस्थाको नेतृत्वको सफलता धेरै हदसम्म उसले आफै कति जान्दछ भन्नेमा होइन, आफूभन्दा बढी जान्ने मानिसहरूको क्षमता कति प्रभावकारी रूपमा उपयोग गर्न सक्छ भन्नेमा निर्भर हुन्छ।

यही कारण आधुनिक व्यवस्थापनशास्त्रमा एउटा प्रसिद्ध भनाइ बारम्बार दोहोरिन्छ – नेतृत्व भनेको सबै उत्तर आफूसँग हुनु होइन; सही मानिसलाई सही ठाउँमा राखेर सही उत्तर निकाल्न सक्ने क्षमता हो।

दुर्भाग्यवश, नेपालमा नियुक्तिको बहस प्रायः यहीँ आएर भावनात्मक बन्छ। यदि कुनै व्यक्ति प्राध्यापक भएनन् भने उनी विश्वविद्यालय चलाउन सक्दैनन् भन्ने निष्कर्ष निकालिन्छ। यदि कुनै व्यक्ति प्रशासनिक सेवाबाट आएका छन् भने उनी शैक्षिक क्षेत्र बुझ्दैनन् भन्ने मानिन्छ। अर्कोतर्फ, यदि कोही प्राध्यापक छन् भने उनी स्वतः सफल प्रशासक हुन्छन् भन्ने पनि अनुमान गरिन्छ।

यी दुवै धारणा अधूरा हुन्। कुनै पनि व्यक्तिको मूल्यांकन उसको विगतको नाम र पदले होइन, उसले दिएको परिणामले हुनुपर्छ। सार्वजनिक जीवनमा अन्ततः इतिहासले डिग्री सम्झिँदैन, उपलब्धि सम्झन्छ। पद होइन, कार्यसम्पादन सम्झन्छ। परिचय होइन, परिवर्तन सम्झन्छ।

यस कारण अहिलेको बहस व्यक्तिको पक्ष वा विपक्षमा सीमित हुनु हुँदैन। वास्तविक बहस नेपालका सार्वजनिक संस्थाहरू किन अपेक्षित रूपमा चल्न सकेका छैनन्, त्यसका लागि कस्तो नेतृत्व आवश्यक छ, व्यवस्थापनको भूमिका के हो, र हामीले नियुक्तिको मापदण्ड कसरी पुनर्परिभाषित गर्नुपर्छ भन्नेमा केन्द्रित हुनुपर्ने देखिन्छ। यिनै प्रश्नहरूको गहिरो विश्लेषण नगरी केवल नयाँ नियुक्त भएका व्यक्तिहरूको समर्थन वा विरोध गर्नु समस्याको समाधान होइन। समस्या संस्थागत छ। त्यसैले समाधान पनि संस्थागत हुनुपर्छ।

त्यसो त कुनै पनि संस्थामा विषयगत ज्ञानको महत्त्व अस्वीकार गर्न सकिँदैन। कुनै व्यक्ति सम्बन्धित क्षेत्रबारे आधारभूत बुझाइ नै नराखी नेतृत्वमा पुग्नु पनि उचित होइन।

एउटा साधारण उदाहरणबाट कुरा गरौं। एउटा विश्वविद्यालयमा विश्वप्रसिद्ध गणितज्ञ छन्। संसारभरका वैज्ञानिक समुदायले उनलाई सम्मान गर्छन्। त्यसो भए के उनी स्वतः उत्कृष्ट उपकुलपति पनि हुन्छन्?

सायद त्यस्तो हुँदैन।

किनभने उपकुलपतिको काम गणित पढाउनु होइन। उनको काम हजारौं विद्यार्थीको भविष्यसँग जोडिएको संस्थालाई सञ्चालन गर्नु हो। सही दिशा दिनु हो। उनले बजेट व्यवस्थापन गर्नुपर्छ। शिक्षक नियुक्ति प्रणालीलाई विश्वसनीय बनाउनुपर्छ। सरकारसँग वार्ता गर्नुपर्छ। विश्वविद्यालयको दीर्घकालीन रणनीति बनाउनुपर्छ। आन्तरिक विवाद समाधान गर्नुपर्छ। अन्तर्राष्ट्रिय सहकार्य विस्तार गर्नुपर्छ। प्रशासनिक संरचना सुधार गर्नुपर्छ। संकटका बेला निर्णय लिनुपर्छ।

यी सबै कार्यहरू महत्त्वपूर्ण अनुसन्धान गर्ने र प्रतिष्ठित जर्नलमा लेख प्रकाशन गर्ने सीपभन्दा फरक प्रकृतिका हुन्। यसै कारण व्यवस्थापन विज्ञानले धेरै पहिले नै एउटा महत्त्वपूर्ण निष्कर्ष निकालिसकेको छ– प्राविधिक वा विषयगत क्षमता र व्यवस्थापकीय क्षमता फरक हुन् भनेर। एउटा मानिससँग दुवै हुन सक्छ। तर दुवै सधैँ एउटै व्यक्तिमा हुन्छन् भन्ने मान्यता वैज्ञानिक रूपमा सही होइन।

नेपालमा हामीले एउटा खतरनाक सरलीकरण गरेका छौं। हामीले राम्रो शिक्षकलाई राम्रो प्रशासक ठानेका छौं। राम्रो चिकित्सकलाई राम्रो अस्पताल निर्देशक ठानेका छौं। राम्रो इन्जिनियरलाई राम्रो संस्थागत प्रमुख ठानेका छौं।

त्यति मात्र होइन, हाम्रो लागि राम्रो राजनीतिक नेता भनेको राम्रो भाषण गर्न सक्ने मानिस हो। मिठो बोल्ने व्यक्ति हो। नेता भनेको अगुवाइ गर्न सक्ने आदर्श पात्र हो भनेर हामीले बुझ्न सकेनौं।

अनुभवले बारम्बार के देखाएको छ भने भूमिका परिवर्तनसँगै आवश्यक पर्ने क्षमता पनि परिवर्तन हुन्छ। कक्षाकोठामा उत्कृष्ट हुने व्यक्ति सधैं कार्यालय सञ्चालनमा पनि उत्कृष्ट हुन्छ भन्ने छैन।

अनुसन्धान प्रयोगशालामा सफल व्यक्ति हजारौं कर्मचारी भएको संस्थाको नेतृत्वमा पनि सफल हुन्छ भन्ने कुनै ग्यारेन्टी छैन। राजनीतिशास्त्रका प्राध्यापक कुनै राजनीतिक दलका राम्रो नेता हुन सक्छन् नै भन्ने हुँदैन।

सफल नेता सबैभन्दा धेरै जान्ने व्यक्ति होइन। नेताको काम सबैभन्दा बुद्धिमान् देखिनु पनि होइन। उसको काम आफूभन्दा बढी जान्ने मानिसहरूलाई एउटै लक्ष्यतर्फ प्रभावकारी रूपमा परिचालन गर्नु हो।

फुटबल टिमको कोच उत्कृष्ट खेलाडीभन्दा राम्रो सीप भएको मानिस हुन्छ भन्ने छैन।

बाँकी ४ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष**: बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ। आत्तिने बानीले काम बिग्रनुका साथै हातमा आएको मौका गुमाउनुपर्ला।

**वृष**: सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले थप काम गर्न हौसला प्रदान गर्नेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ।

**मिथुन**: समयमा होसियार बन्न नसक्दा खर्च बढ्नेछ। आकस्मिक समस्याले अर्थ अभाव देखापर्न सक्छ। बेलैमा होस नपुर्याउँदा केही चुनौती झेल्नुपर्ला।

**कर्कट**: मिहिनेत गर्दा सजिलै काम बन्नेछ र आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। आवश्यक भौतिक साधन सजिलै जुट्नेछन्।

**सिंह**: तारिफयोग्य काम गर्दै अरूको उपकार गर्न सकिनेछ। कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। व्यापार बढ्नेछ।

**कन्या**: आफ्ना कमजोरी बाहिरिनाले समस्या पर्ला। सम्भावना देखिए पनि उपलब्धि प्राप्त गर्न समय लाग्नेछ। नियमित कामलाई निरन्तरता दिन सकिनेछ।

**तुला**: प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। सम्भावना देखिए पनि सोचेको उपलब्धि प्राप्त नहुन सक्छ। सामान्य कामकै लागि दौडधुप गर्नुपर्नेछ।

**वृश्चिक**: सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। विशेष उपहार प्राप्त हुन सक्छ। प्रियजनसँगको सान्निध्यले दिन रमाइलो रहनेछ।

**धनु**: स्रोतसाधन जुट्नाले मेहनतीहरूका लागि समय उत्साहजनक रहनेछ। प्रतिस्पर्धामा विजयी भइनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्।

**मकर**: अस्वस्थताले लक्ष्यअनुसार काममा जुट्न नसकिएला। अप्ठ्यारा परिस्थिति सुल्झाउनमै समय बित्नेछ। सहयोगीहरू पछि हट्नाले नयाँ काम गर्न समस्या पर्नेछ।

**कुम्भ**: अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ। बेसुरमा बोल्ने बानीले गोपनीयता भंग हुन सक्छ। विशेष योजना सार्वजनिक नगर्नुहोला।

**मीन**: हिम्मत गर्दा काम बन्नेछ। लगनशीलताले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। छोटो समयमा उपलब्धि हातलागी हुनेछ।

# वन संरक्षणसँगै आयआर्जनमा सघाउँदै मध्यवर्ती सामुदायिक वन

**युग संवाददाता**
**कञ्चनपुर, २८ असार ।**

शुक्लाफाँटा नगरपालिका-७ स्थित वातावरण मध्यवर्ती सामुदायिक वनले वन संरक्षणसँगै आयमूलक कार्यक्रमलाई प्राथमिकता दिँदै उपभोक्ताको आर्थिक अवस्था सुधार गर्न विभिन्न व्यावसायिक कार्यक्रम सञ्चालन गरेको छ।



वन व्यवस्थापनले बाँस, फलफूल, बेसार खेती तथा लघुउद्यममार्फत वनले आम्दानी बढाउँदै स्थानीयलाई रोजगारी र आयआर्जनका अवसर सिर्जना गर्दै आएको छ। करिब एक सय हेक्टर क्षेत्रफलमा दशकअघि रोपिएका पाँच हजारभन्दा बढी बाँसका बिरुवाको संरक्षण र व्यवस्थापन गर्दै आएको छ। हाल वनमा काँडे, पेले, लाठी, मलवास, निगाले, देहरादुन, लहरे र बुमलगायत विभिन्न प्रजातिका बाँस उत्पादन भइरहेका छन्।

सामुदायिक वनका कार्यालय सचिव अम्भुसिंह धामीका अनुसार पछिल्लो तीन आर्थिक वर्षमा बाँस बिक्रीबाट मात्रै रु चार लाख ९२ हजार ९०५ आम्दानी भएको छ। आर्थिक वर्ष २०८०/८१ मा रु एक लाख ९२ हजार १०५, २०८१/८२ मा रु एक लाख ३० हजार ९५० र २०८२/८३ मा रु एक लाख ६९ हजार ८५० आम्दानी भएको उनले जानकारी दिए।

स्थानीय किसानले व्यावसायिक तरकारी खेती, डोको-डालो बुन्न, घर निर्माणमा सटरिङ गर्न, कुखुरापालनका लागि टहरा बनाउन तथा भूक्षय नियन्त्रणका लागि जैविक तटबन्ध निर्माणमा बाँस प्रयोग गर्दै आएका छन्। प्रजातिअनुसार प्रतिगोटा बाँस रु २०० देखि रु ५०० सम्ममा बिक्री हुने गरेको छ।

सामुदायिक वनले बाँससँगै फलफूल खेतीलाई पनि विस्तार गरेको छ। वन क्षेत्रमा चार हजार बियाँरहित कागती, पाकिस्तानी सुन्तलाका ५० बिरुवा तथा लिची, बम्बई, दह्ले, बाह्रमासे र आम्रपाली जातका करिब ५०० आँपका बिरुवा रोपिएका छन्। दशकअघि लगाइएका ती बिरुवाले अहिले उत्पादन दिन थालेका छन्। फलफूल बगैँचा पाँच वर्षका लागि रु चार लाखमा ठेक्कामा दिइएको छ।

सामुदायिक वनका अध्यक्ष लोकेन्द्र जोशीका अनुसार उपभोक्ताको आयआर्जन बढाउन दुना-टपरी तथा बाँस-बेत उद्योग सञ्चालन गर्ने तयारी अन्तिम चरणमा पुगेको छ। आवश्यक मेसिन खरिद गरिसकिएको र उद्योग सञ्चालनअघि उपभोक्तालाई सीपमूलक प्रशिक्षण दिइएको उनले बताए।

सामुदायिक वनले चार हेक्टर क्षेत्रफलमा बेसार खेती गर्दै आएको छ। यहाँबाट वार्षिक ४० देखि ५० क्विन्टलसम्म बेसार उत्पादन हुने गरेको छ। उत्पादन भएको बेसारलाई गुणस्तरीय रूपमा सुकाउन नगरपालिका र दातृ निकायको सहयोगमा सौर्य ड्रायर (सोलार ड्रायर) जडान गरिएको अध्यक्ष जोशीले जानकारी दिए।

वनले मौरीपालन व्यवसायलाई प्रवर्द्धन गर्न कैलालीस्थित वनस्पति अनुसन्धान केन्द्रबाट दुई हजार चिउरीका बिरुवा ल्याएर रोप्ने तयारी गरेको छ। साथै आन्तरिक पर्यटन प्रवर्द्धनका लागि वनभित्र पिकनिकस्थल निर्माण तथा धार्मिक एवं पर्यटकीय महत्व बोकेको सुनदेवी तालसम्म पदमार्ग निर्माण गर्ने योजना अघि बढाइएको उनले बताए।

सामुदायिक वनले संरक्षणसँगै सामुदायिक विकास, संरक्षण शिक्षा, विपन्न वर्ग लक्षित आयमूलक तथा सीपमूलक कार्यक्रम, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा पूर्वाधार विकासमा खर्च गर्दै आएको छ।

स्थानीय उपभोक्ता रमेश नेपालीका अनुसार वनले वन्यजन्तु बस्तीमा प्रवेश रोक्न मेसवायर जडान, टर्चलाइट वितरण, विद्यालयमा कम्प्युटर सहयोग, पुल-पुलेसा निर्माण, सडकमा ग्राभेलिङलगायत काम गर्दै आएको छ। विपन्न परिवारलाई आयआर्जनमूलक तथा सीप विकास कार्यक्रममार्फत आत्मनिर्भर बनाउन सामुदायिक वनले उल्लेखनीय योगदान पुऱ्याएको उनले बताए।

सामुदायिक वनले आर्थिक वर्ष २०८२/८३ मा फलफूल, बाँस, काठ-दाउरा बिक्री तथा दण्ड-जरिवानाबाट रु ७४ लाखभन्दा बढी आम्दानी गरेको जनाएको छ। एक हजार ११ दशमलव ५३ हेक्टर क्षेत्रफलमा फैलिएको वातावरण मध्यवर्ती सामुदायिक वनले वन संरक्षणसँगै स्थानीय समुदायको आयआर्जनमा सघाउँदै आएको छ।

# खजुरामा हुलाकी सडकको वैकल्पिक मार्ग निर्माण

**युग संवाददाता**
**बाँके, २८ असार ।**

खजुरा गाउँपालिकाले नेपालगञ्ज-गुलरिया हुलाकी सडकको वैकल्पिक मार्गका रूपमा धवलागिरि गाउँ हुँदै बीगाउँ जोड्ने सडक निर्माण गरेको छ। गाउँपालिका अध्यक्ष डम्बरबहादुर विककाअनुसार खजुरा बजार क्षेत्रमा पर्ने मुख्य सडकको वैकल्पिक मार्गका रूपमा खजुरा गाउँपालिका-३ स्थित आदर्श मावि, धवलागिरि गाउँ हुँदै बीगाउँ जोड्ने सडक निर्माण गरिएको हो।



अब हुलाकी सडकअन्तर्गत खजुरा बजार वा पेडारी नाला क्षेत्रमा कुनै अवरोध आए पनि अब आदर्श मावि, धवलागिरि गाउँ हुँदै बीगाउँ जोड्ने सडक प्रयोग गरी नेपालगञ्ज-गुलरिया सहज रूपमा आवतजावत गर्न सकिने भएको छ।

प्रदेश सरकारको रु.छ करोड १० लाख ९० हजार २८६ को लागतमा पुल निर्माण सम्पन्न भएपछि खजुरा बजार क्षेत्रको मुख्य सडकको वैकल्पिक मार्गका यो सडक निर्माण भएको हो। खजुरा गाउँपालिकाका आठवटै वडाका गाउँहरूलाई कालोपत्रे सडक सञ्जालले जोड्ने, प्रत्येक टोलमा कालोपत्रे सडक विस्तार गरी 'धुलोरहित गाउँ' निर्माण गर्ने तथा ढल र नालाको निर्माण तथा स्तरोन्नति गरी उचित पानी निकासको व्यवस्था गर्दै 'डुबानमुक्त गाउँ' बनाउने लक्ष्यसहित गाउँपालिकाले काम गरिरहेको छ।

# ओझेलमा 'राजाकोट'

**युग संवाददाता**
**दाङ, २८ असार ।**

दङ्गीशरण गाउँपालिका-२ स्थित राजाकोट ऐतिहासिक ठाउँ भए पनि ओझेलमा परेको छ। यो ठाउँ पर्यटकीय हिसाबले पनि सम्भावना बोकेको ठाउँ हो।

त्यहाँबाट जिल्लाका सबै भूभाग देखिन्छन् भने सिस्ने हिमाल, पुथा हिमाल, माछापुच्छेसहितका विभिन्न हिमालशृङ्खला देखिने भएकाले पनि पर्यटकीय सम्भावना बोकेको छ।

स्थानीय मदन घर्तीका अनुसार त्यहाँबाट बबई नदी, राप्ती नदी, बाँकेका विभिन्न भूभागको अवलोकनसमेत गर्न सकिन्छ। त्यस्तै, विभिन्न वनजङ्गलको अवलोकन गर्न पनि सकिने भएकाले त्यसलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न थालिएको छ। "यस क्षेत्रबाट जिल्लाको भूभागसँगै विभिन्न हिमाल देखिन्छन् भने तराईका सबै फाँटहरू देखिन्छन्", उनले भने, "त्यसैले पनि यसलाई पर्यटकीय केन्द्रका रूपमा विकास गर्न सकिन्छ।"

त्यहाँ दङ्गीशरण राजाले औलो लाग्दा बस्ने गरेको ठाउँका रूपमा समेत रहेको स्थानीय चक्रमिलन विश्वकर्माले बताए। उनका अनुसार सोही ठाउँमा पुरानो टेलिकमको टावर पनि छ। जुन पश्चिम नेपालमै चर्चित टावर थियो।

गोल्टाकुरीबाट पाँच किलोमिटर पैदल हिँडेपछि राजाकोट पुग्न सकिन्छ। नजिकै कुनै बेला हाटबजार जाँदा रुकुम, सल्यान, रोल्पाका नागरिकले प्रयोग गर्ने तिलकन्या नाका पनि भएकाले पनि यो क्षेत्र पर्यटकीय हिसाबले उत्तम रहेको छ। जहाँ दङ्गीशरण गाउँपालिका-२ स्थित गोल्टाकुरीबाट पैदल पाँच किलोमिटर उकालो हिँडेपछि पुग्न सकिन्छ।

त्यसलाई पर्यटकीय क्षेत्रका विकास गर्न सकेमा युवाहरू पनि स्वरोजगार हुने देखिन्छ। यहाँ पैदल हिँडेर पुग्न सकिन्छ। अहिले सडक पुगेको छैन। दुई घण्टा पैदल हिँडेमा सो ठाउँ पुग्न सकिन्छ।

## सामुदायिक...

विद्यार्थीको अनुपातमा शिक्षक व्यवस्थापन गरिदिने हो भने वर्षेनि अभिभावकसँग चन्दा माग्नुपर्ने बाध्यता रहँदैन, यसले योग्य र क्षमतावान शिक्षक राखेर शिक्षाको गुणस्तर नै माथि पुऱ्याउन सकिन्छ,' कोइराला भन्छन्, 'तर सरकार शिक्षाको आधारभूत दायित्वबाट पन्छिँदै जाने हो भने योभन्दा पनि खराब अवस्था आउन सक्छ।'

सामाजिक विकास मन्त्रालयद्वारा प्रकाशित कर्णाली प्रदेशको बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन २०८२ अनुसार कर्णाली प्रदेशमा ३ हजार ६ सय ५३ विद्यालयमा ४ लाख ८२ हजार ५ सय ६३ विद्यार्थी अध्ययनरत छन्, जसमध्ये ८७.६५ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययनरत छन्। शिक्षा विकास निर्देशनालयका अनुसार कर्णालीमा विद्यालय तहमा स्थायी, अस्थायी र राहत गरी कुल १२ हजार ७ सय ६२ शिक्षक छन्, जसमा ६ हजार २ सय ६१ शिक्षक मात्रै दरबन्दी कोटामा कार्यरत छन्।

शिक्षा विकास निर्देशनालय सुर्खेतका प्रमुख दीपा हमालका अनुसार कर्णालीमा ३ हजार ८ सय ४२ राहत र २ हजार ६ सय ५९ अस्थायी शिक्षक कार्यरत छन्। यो तथ्यांकलाई केलाउने हो भने सामुदायिक विद्यालयमा अहिलेको अवस्थामा विभिन्न निकायको अनुदान र विद्यालयको आन्तरिक स्रोतबाट ६ हजार ५ सय १ शिक्षक कार्यरत रहेको देखिन्छ। यो नै कर्णालीमा दरबन्दीमा रिक्त शिक्षकको संख्या कुल संख्या हो।

शिक्षा तथा मानव संशाधन विकास केन्द्रको फ्लास प्रतिवेदन-२०८१ ले कर्णालीका सामुदायिक विद्यालयमा विद्यार्थी-शिक्षक अनुपातको उदेकलाग्दो अवस्था देखाएको छ। विद्यालय क्षेत्र सुधार योजना अनुसार पहाडी जिल्लामा एकजना शिक्षक बराबर ३५ विद्यार्थी हुनुपर्दछ। पहाडी क्षेत्रमा पर्ने कर्णालीका १० वटै जिल्लामा यो अनुपात ६२ रहेको छ। अर्थात् एकजना शिक्षकले ६२ जना विद्यार्थीलाई एउटै कोठामा राखेर पढाउनुपर्ने बाध्यता छ।

माध्यमिक (कक्षा ११-१२) मा एउटा शिक्षकले ७१ जनासम्म विद्यार्थी पढाउनुपर्ने फ्लास रिपोर्टमा उल्लेख छ। यसको प्रभाव शिक्षाको गुणस्तरमा पर्ने गरेको छ। कक्षा ८ को आधारभूत परीक्षा, कक्षा-१० को माध्यमिक शिक्षा परीक्षा र कक्षा-१२ को बोर्ड परीक्षाको नतिजा केलाउँदा कमजोर शैक्षिक नतिजा स्पष्ट देख्न सकिन्छ। शैक्षिकसत्र २०८२ मा १० कक्षामा ३१ हजार ७ सय ७३ विद्यार्थी सहभागी भएकोमा १८ हजार ४२ मात्र उत्तीर्ण भएका छन्।

कक्षा-१२ मा २५ हजार ४ सय ५८ विद्यार्थी सहभागी भएकामा १२ हजार ७ सय ७७ (५०.१८ प्रतिशत) मात्रै उत्तीर्ण भएका छन्। शिक्षा क्षेत्रबाट सेवा निवृत्त जीतबहादुर शाह कर्णालीको सार्वजनिक शिक्षामा पूर्वाधारसँगै विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्थापन गर्न नसके गुणस्तरमा सुधार नहुने बताउँछन्। 'अनिवार्य तथा निःशुल्क शिक्षाअन्तर्गत सामुदायिक विद्यालयले भर्ना शुल्क, मासिक शुल्क, परिचय शुल्क र पाठ्यपुस्तक शुल्क नलेउ भन्छ, तर व्यवहारमा त्यस्तो छैन,' उनी भन्छन्, 'सामुदायिक विद्यालयभन्दा निजी लगानीका शैक्षिक संस्था बलियो भएको परिस्थितिसँग लड्न शुल्क लिनुपर्ने बाध्यता रहेका देखिन्छ।'

सामुदयिक विद्यालयमा सरकारबाट आउने ८० प्रतिशत बजेट शिक्षकको तलवभत्ताका लागि मात्रै पठाउने परिपाटीले प्रविधिमैत्री कक्षासहितका भौतिक पूर्वाधार निर्माणको परिकल्पना सपना मात्रै हुने उनले बताए। रोचक पक्ष- कर्णालीमा स्वीकृत शिक्षकको आधारमा विद्यार्थीको संख्या धेरै देखिन्छ भने कुल शिक्षकको आधारमा यो संख्या घटेको देखिन्छ। शिक्षा तथा मानव संशाधन विकास केन्द्रको फ्लास प्रतिवेदन २०८१ का अनुसार स्वीकृत दरबन्दीका शिक्षकका आधारमा कक्षा १-५ सम्म विद्यार्थी-शिक्षक अनुपात प्रतिशिक्षक २२.७ रहेको छ।

यो अनुपात कक्षा ६-८ मा ४९.५, कक्षा ९-१० मा ४०.४ र कक्षा ११-१२ मा ४८.६ रहेको छ। प्राथमिक तहमा विद्यार्थीको अनुपातमा शिक्षकको संख्या तुलनात्मकरुपमा सन्तुलित देखिन्छ। प्राथमिक तहमा विद्यार्थी-शिक्षकको राष्ट्रिय औसत अनुपात १८.२ रहेकोमा कर्णालीमा १९.६ रहेको छ। प्राथमिक तहमा विद्यार्थी-शिक्षक अनुपात कालिकोटमा सबैभन्दा बढी २९.१ र डोल्पामा सबैभन्दा कम १३.७ रहेको छ। विद्यार्थी-शिक्षकको औसत अनुपात सल्यानमा सबैभन्दा फराकिलो छ। स्वीकृत दरबन्दीका आधारमा सल्यानमा एक शिक्षकले ६२.२ विद्यार्थीलाई पढाउनुपर्ने बाध्यता छ। माध्यमिक तह (कक्षा ११-१२) मा सल्यानमा विद्यार्थी-शिक्षक अनुपात ८२.८ रहेको छ।

*(यो सामग्री कर्णाली शिक्षा पत्रकार समूहको सहकार्यमा तयार पारिएको हो।)*

## हामीलाई...

विश्वकपमा सहभागी टिमका कतिधेरै कोचहरूले अहिलेसम्म विश्वकप फुटबल खेलेका छैनन्।

त्यसैले आधुनिक संस्थाहरूले नेतृत्व छनोट गर्दा केवल शैक्षिक योग्यता मात्र हेर्दैनन्। उनीहरूले निर्णय क्षमता, नेतृत्व शैली, संकट व्यवस्थापन, टिम निर्माण, परिवर्तन व्यवस्थापन र संस्थागत दृष्टिकोणलाई पनि उत्तिकै महत्त्व दिन्छन्।

आजका विश्वविद्यालयहरू एउटा शैक्षिक संस्था मात्र नभई, जटिल र संवेदनशील संगठन पनि हुन्। यस्तो संस्थाको नेतृत्व केवल शैक्षिक ज्ञानले मात्र सम्भव हुँदैन।

त्रिभुवन विश्वविद्यालय सेवा आयोगको अध्यक्षको नियुक्तिपछि उठेको बहसले एउटा सम्भावनाको पनि उजागर गरेको छ। यदि आयोगको अध्यक्ष स्वयं उत्कृष्ट प्राध्यापक भए पनि प्रक्रिया पारदर्शी बनाउन सकेनन् भने उनको विज्ञताले संस्थालाई बचाउन सक्दैन।

तर यदि कुनै सक्षम व्यवस्थापकले उत्कृष्ट विज्ञहरूको टोली निर्माण गरी निष्पक्ष प्रणाली सञ्चालन गर्न सके भने संस्थाले अपेक्षाकृत राम्रो परिणाम दिन सक्छ।

हामीले वर्षौंसम्म पदलाई प्रतिष्ठाको रूपमा हेऱ्यौं। नेतृत्वलाई सेवाभन्दा अधिकार ठान्यौं। संस्थालाई व्यक्तिको विस्तार बनायौं। पदाधिकारी परिवर्तन भयो भने संस्था पनि फेरि शून्यबाट सुरू हुने संस्कृति विकास गऱ्यौं।

यही कारण विश्वविद्यालयहरूमा नीतिको निरन्तरता कमजोर रह्यो। दीर्घकालीन योजना पाँच वर्ष पनि टिकेन। हरेक नेतृत्वले आफ्नो टोली, आफ्नो प्राथमिकता र आफ्नो शैली ल्यायो। संस्था व्यक्तिनिर्भर बन्दै गयो।

यसबीच एउटा प्रश्न कहिल्यै गम्भीर रूपमा उठेन– हाम्रो नेतृत्व प्रणाली नै सही छ कि छैन? विज्ञता एउटा व्यक्तिमा चाहिन्छ कि सम्पूर्ण संस्थागत प्रणालीमा?

विद्यार्थीलाई पदाधिकारीको शैक्षिक इतिहासभन्दा समयमै परीक्षा र नतिजा चाहिन्छ। शिक्षकलाई भाषणभन्दा निष्पक्ष नियुक्ति र आवधिक बढुवा चाहिन्छ। समाजलाई विज्ञताको प्रमाणपत्रभन्दा चुस्त डेलिभरी चाहिन्छ।

यही कारण आजको नेपालको बहस को नियुक्त भयो भन्नुभन्दा माथि उठेर संस्था कसरी सुधारिन्छ भन्ने प्रश्नमा केन्द्रित हुन आवश्यक छ। आज नेपालका विश्वविद्यालयहरूको अवस्थाबारे निष्पक्ष मूल्यांकन गर्ने हो भने एउटा सत्य स्वीकार गर्नैपर्छ। हामीले धेरै वर्षसम्म व्यक्तिहरू परिवर्तन गऱ्यौं, तर प्रणाली परिवर्तन गर्न सकेनौं।

उपकुलपति फेरिए। रजिष्ट्रार फेरिए। सेवा आयोगका अध्यक्ष फेरिए। सरकार फेरिए। शिक्षामन्त्री फेरिए। विश्वविद्यालयका कार्यकारी परिषद्का सदस्य फेरिए। तर विश्वविद्यालयको समग्र कार्यसम्पादन भने लगभग उस्तै रह्यो।

यो यथार्थ स्वीकार्न जति कठिन छ, त्यति नै आवश्यक पनि छ। किनकि समस्याको सही पहिचानबिना समाधान सम्भव हुँदैन।

नेपालका विश्वविद्यालयहरूमा विगतमा नियुक्त भएका उपकुलपतिहरू र सेवा आयोगका अध्यक्षहरू सामान्य व्यक्ति थिएनन्। उनीहरू प्राध्यापक थिए। विद्यावारिधि गरेका थिए। अनुसन्धान गरेका थिए। शैक्षिक जीवनमा सम्मानित थिए। कतिपयले अन्तर्राष्ट्रिय विश्वविद्यालयहरूमा समेत अध्यापन गरेका थिए। विषयगत रूपमा उनीहरूको योग्यतामाथि प्रश्न उठाउन सकिने ठाउँ थिएन।

त्यसो भए विश्वविद्यालयहरू किन अपेक्षित रूपमा रूपान्तरण हुन सकेनन् त? यो प्रश्न कसैलाई दोषी प्रमाणित गर्न होइन; हाम्रो सोचाइको सीमालाई पुनर्मूल्यांकन गर्न आवश्यक छ। हामीले विश्वविद्यालयको सफलता कसरी मापन गरिरहेका छौं? विश्वविद्यालयको उद्देश्य के हो?

पक्कै पनि ज्ञान उत्पादन, गुणस्तरीय शिक्षण, अनुसन्धान, नवप्रवर्तन, राष्ट्रिय विकासका लागि दक्ष जनशक्ति उत्पादन, शैक्षिक स्वतन्त्रताको संरक्षण आदि होलान्।

अब विगततिर फर्केर हेरौं। के हाम्रा विश्वविद्यालयहरू अनुसन्धानका लागि दक्षिण एसियामा उदाहरण बने? के हाम्रा विश्वविद्यालयहरूको नाम विश्वका उत्कृष्ट विश्वविद्यालयहरूको सूचीमा निरन्तर उक्लिँदै गयो? के विदेशी विद्यार्थी नेपाल अध्ययन गर्न आउने क्रम उल्लेखनीय रूपमा बढ्यो? के अनुसन्धान अनुदान, अन्तर्राष्ट्रिय सहकार्य र पेटेन्टको संख्या वृद्धि भयो? भएन। हुँदै भएन। यसले एउटा स्पष्ट संकेत दिन्छ। समस्या ज्ञानको कमीभन्दा बढी सुशासन र व्यवस्थापनको थियो।

संसारका सफल विश्वविद्यालय र सार्वजनिक संस्थाहरूको इतिहास हेर्दा एउटा फरक सत्य देखिन्छ। उनीहरूको सफलता कुनै एक असाधारण व्यक्तिका कारण होइन, असाधारण संस्थागत प्रणालीका कारण सम्भव भएको हो।

अमेरिका, बेलायत, सिंगापुर, स्विट्जरल्यान्ड, क्यानडा वा अस्ट्रेलियाका विश्वविद्यालयहरू दशकौंदेखि अनुसन्धान, नवप्रवर्तन र शैक्षिक उत्कृष्टतामा अग्रस्थानमा छन्। के यसको कारण उनीहरूसँग मात्र प्रतिभाशाली प्राध्यापक छन्?

पक्कै होइन।

नेपालमा पनि अन्तर्राष्ट्रिय स्तरका अनुसन्धानकर्ता र विद्वान छन्। भारत, पाकिस्तान, बंगालादेश, श्रीलंका र अन्य धेरै विकासशील देशहरूमा पनि उत्कृष्ट वैज्ञानिक र प्राध्यापकको कमी छैन।

फरक कहाँ छ?

फरक संस्थागत संस्कृतिमा छ। उनीहरूले यस्तो प्रणाली निर्माण गरेका छन्, जहाँ व्यक्ति परिवर्तन भए पनि संस्था डगमगाउँदैन।

उपकुलपति परिवर्तन हुन्छ। डिन परिवर्तन हुन्छ। रजिष्ट्रार परिवर्तन हुन्छ। तर विश्वविद्यालयको शैक्षिक क्यालेन्डर प्रभावित हुँदैन। अनुसन्धान रोकिन्न। नियुक्ति प्रक्रिया स्थगित हुँदैन। अन्तर्राष्ट्रिय सहकार्य टुट्दैन। विद्यार्थीले आफ्नो भविष्य अन्योलमा परेको अनुभव गर्दैनन्।

किनभने त्यहाँ प्रणाली व्यक्तिभन्दा शक्तिशाली हुन्छ। अनि यस्तो प्रणाली बनाउन विज्ञ चाहिन्छ कि कुशल व्यवस्थापक?

नेपालले सिक्नुपर्ने पहिलो पाठ यही हो। अनि यहाँ अर्को महत्त्वपूर्ण प्रश्न आउँछ– के नयाँ नियुक्तिप्रति उठेका सबै आलोचना गलत हुन्?

त्यस्तो होइन।

लोकतन्त्रमा सार्वजनिक नियुक्तिमाथि प्रश्न उठ्नु स्वाभाविक हो।

सरकारले गरेको प्रत्येक नियुक्ति सार्वजनिक परीक्षणको विषय बन्नुपर्छ। यदि खुला प्रतिस्पर्धा भनिएको प्रक्रियामा पारदर्शिता छैन भने प्रश्न उठ्नुपर्छ। यदि राजनीतिक प्रभावले निर्णय भएको प्रमाण देखिन्छ भने आलोचना हुनुपर्छ। यदि योग्य उम्मेदवारलाई अन्याय भएको छ भने त्यसको छानबिन हुनुपर्छ।

सार्वजनिक पदमा पुगेका व्यक्तिहरू आलोचनाभन्दा माथि हुन सक्दैनन्।

तर अर्को पक्ष पनि त्यत्तिकै महत्त्वपूर्ण छ। आलोचना तथ्यमा आधारित हुनुपर्छ, पूर्वाग्रहमा होइन। कुनै व्यक्ति प्रशासनिक सेवाबाट आएको छ भन्ने आधारमा मात्र अयोग्य ठहर गर्नु उचित होइन।

त्यस्तै, कुनै व्यक्ति प्राध्यापक छन् भन्ने आधारमा मात्र उत्कृष्ट नेतृत्व दिन्छन् भन्ने मान्नु पनि उचित होइन। दुवै अवस्थामा अन्तिम निर्णय कार्यसम्पादनले गर्नुपर्छ।

नेपालमा नियुक्तिपछि हुने अधिकांश बहस व्यक्तिको परिचयमा केन्द्रित हुन्छ। तर विकसित लोकतन्त्रहरूमा बहस क्रमशः अर्को दिशातर्फ गइरहेको छ। उसले परिणाम दियो कि दिएन? सार्वजनिक जीवनमा यही प्रश्न अन्तिम प्रश्न हो।

त्यसैले कुनै पनि नियुक्तिको वास्तविक परीक्षा नियुक्तिको दिन होइन। पछि देखिने परिणाम हो। यो बहसलाई बुझ्न अर्को दृष्टिकोण पनि आवश्यक छ।

लामो समयदेखि जनताले सार्वजनिक संस्थाहरूबाट अपेक्षित सेवा पाएनन्। विश्वविद्यालय सुधार भएनन्। प्रशासनिक प्रक्रिया झन्झटिलो रह्यो। निर्णय ढिला भए। उत्तरदायित्व कमजोर रह्यो।

विगतका सरकारहरूको पद्धति र कार्यशैलीबाट दिक्क भएर देशमा भदौ २३ र २४ को ठूलो जेन जी विद्रोह भयो। नयाँ सोच, नयाँ शैली र नयाँ नेतृत्वको माग भयो।

त्यसैको जगमा अहिले झन्डै दुई तिहाइको बलियो सरकार छ। नयाँ शैलीको सरकारले नयाँ तरिकाबाट नै काम गर्न खोज्छ। यो कुरा एक पटक स्वीकार गरौं।

प्रसिद्ध वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले एउटा कालजयी भनाइ छोडेका छन्, 'उही काम बारम्बार दोहोऱ्याउनु र फरक नतिजाको अपेक्षा गर्नु मूर्खता हो।'

यसको अर्थ परिवर्तनका लागि नयाँ दृष्टिकोण, नयाँ पद्धति र नयाँ नेतृत्व शैली पनि आवश्यक पर्छ भन्ने हो।

तर यहाँ एउटा सावधानी पनि उत्तिकै आवश्यक छ।

नयाँ हुनु मात्र उपलब्धि होइन। नयाँ प्रयोग सफल भयो कि भएन भन्ने कुरा परिणामले प्रमाणित गर्नुपर्छ। परिवर्तनको मूल्यांकन घोषणाले होइन, उपलब्धिले हुन्छ।

तर हाम्रोमा कुनै पनि नयाँ नियुक्ति सार्वजनिक हुनेबित्तिकै समाज दुई ध्रुवमा विभाजित हुन्छ। एउटा पक्षले नियुक्तिलाई पूर्ण रूपमा सही ठहर गर्छ, अर्को पक्षले पूर्ण रूपमा अस्वीकार गर्छ।

समर्थकहरू व्यक्तिको सम्भावना देख्छन्, आलोचकहरू उसको विगत खोज्छन्। सामाजिक सञ्जालमा तर्कभन्दा पूर्वाग्रह धेरै देखिन्छ। केही दिनसम्म बहस चर्किन्छ, केही सातापछि अर्को विषय आउँछ र बहस हराउँछ। तर संस्थाको अवस्था भने जस्ताको तस्तै हुन्छ।

वास्तविकता के हो भने नेपालका अधिकांश सार्वजनिक संस्थाहरू कुनै एक व्यक्तिका कारण सफल वा असफल भएका होइनन्। ती संस्थाहरू लामो समयदेखि विकसित हुँदै आएको राजनीतिक संस्कृति, प्रशासनिक संरचना, कानुनी व्यवस्था, उत्तरदायित्वको स्तर, नेतृत्व शैली र कार्यसम्पादन संस्कृतिको संयुक्त परिणाम हुन्।

त्यसैले कुनै पनि नयाँ नियुक्तिको मूल्यांकन केवल नियुक्तिको दिन गर्न सकिँदैन। नियुक्ति एउटा सुरूआत मात्र हो; अन्तिम निर्णय समयले गर्छ।

आज त्रिभुवन विश्वविद्यालय सेवा आयोगको अध्यक्षमा पूर्वप्रशासक नियुक्त भएको विषयलाई लिएर प्रश्न उठिरहेका छन्। विभिन्न विश्वविद्यालयका नयाँ उपकुलपतिमाथि पनि अपेक्षा र आशंका दुवै छन्।

यी दुवै स्वाभाविक हुन्।

लोकतन्त्रमा सार्वजनिक पदमा पुगेका प्रत्येक व्यक्तिले सार्वजनिक परीक्षणबाट गुज्रिनै पर्छ। त्यो उनीहरूको जिम्मेवारी पनि हो। परिवर्तन सधैँ पीडादायी र चुनौतीपूर्ण हुन्छ। सबैभन्दा उत्कृष्ट अवस्था त त्यही हो, जहाँ विज्ञता र व्यवस्थापन क्षमता दुवै एकै व्यक्तिमा होऊन्।

तर यदि दुवैमध्ये एउटा रोज्नुपर्ने अवस्था आयो भने कुनै पनि संस्थालाई सफल बनाउने आधार केवल विषयगत ज्ञान मात्र होइन, सही प्रणालीको विकास र त्यसको कुशल व्यवस्थापन गर्ने व्यवस्थापन क्षमता हो।

*(सेतोपाटी)*

# सात विश्वविद्यालयमा उपकुलपति नियुक्ति गर्दा किन परेनन् महिला?

**युग संवाददाता**
**काठमाडौं, २८ असार ।**

सात वटा विश्वविद्यालयमा कुलपति बालेन शाहले हालै उपकुलपतिहरू नियुक्त गरे । तर एक जना पनि महिला परेनन् ।

सरकारले 'विभिन्न विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि २०८३' जारी गर्दै उपकुलपतिका लागि दरखास्त आह्वान गरेको थियो ।

सो कार्यविधिको प्रक्रिया पूरा गरेर असार १९ गते ७ विश्वविद्यालयमा उपकुलपति नियुक्त गरिएको थियो । केही विश्वविद्यालयमा अझै उपकुलपति नियुक्ति बाँकी छ ।

कार्यविधिले तोकेको दरखास्त आह्वानदेखि सर्टलिस्ट र सिफारिससम्मका सबै प्रक्रिया पूरा गरी उपकुलपति नियुक्त गरिएको थियो ।

शिक्षा मन्त्रीसमेत रहेका सहकुलपति सस्मित पोखरेलको नेतृत्वमा सर्च कमिटी बनेको थियो, उक्त कमिटीले एक विश्वविद्यालयका लागि ३ जनाका दरले नाम सिफारिस गरेका थिए । सोही सिफारिसका आधारमा प्रधानमन्त्री शाहले उपकुलपति नियुक्त गरेका थिए ।

त्रिभुवन विश्वविद्यालय उपकुलपतिमा भोला थापा, सुदूरपश्चिम विश्वविद्यालयमा किसनदत्त भट्ट, मध्यमपश्चिम विश्वविद्यालयमा राजन सुवाल, कृषि तथा वन विश्वविद्यालयमा ऋषिराम कट्टेल, राजर्षि जनक विश्वविद्यालयमा श्यामनारायण लाभ, पोखरा विश्वविद्यालयमा देवेन्द्र अधिकारी र पूर्वाञ्चल विश्वविद्यालयमा सुजनबाबु महरट्टा नियुक्त भएका थिए ।

सात वटा विश्वविद्यालयमा सातै जना पुरूष परेपछि महिला किन छनोट भएनन् भन्ने प्रश्न छ ।

नेपाल संस्कृत विश्वविद्यालय र लुम्बिनी बौद्ध विश्वविद्यालयको आवेदन खुले पनि प्रक्रिया टुंगिएको छैन । उपकुलपतिका लागि आवेदन खुलाउँदा दुई सय २७ जनाले आवेदन भरेको शिक्षा तथा खेलकुद मन्त्रालयको भनाइ छ ।

आवेदन आउने बेला नै सबैभन्दा धेरै पुरूष आएका थिए । त्रिवि उपकुलपतिमा ५० जनाले आवेदन दिए पनि एक जना पनि महिला थिएनन् ।

त्यस्तै नेपाल संस्कृतका लागि ९ जना, पूर्वाञ्जल र पोखराका लागि ३८/३८ जना, मध्यपश्चिममा २० जना, सुदूरपश्चिममा १९ जना, राजर्षि जनकमा २७ जना, लुम्बिनीमा ११ जना र कृषि तथा वन विज्ञानमा १५ जनाले आवेदन दिएका थिए ।

यीमध्ये पूर्वाञ्चल र पोखरामा दुई/दुई जना महिलाले मात्रै आवेदन दिएको मन्त्रालयको भनाइ छ । मध्यपश्चिम, सुदूर, राजर्षि जनकमा एक/एक जना, लुम्बिनीमा चार जना र कृषि तथा विज्ञानमा दुई जना महिलाले आवेदन दिए ।


कुल २२७ जनाले आवेदन दिँदा जम्मा १३ जना महिलाबाट आवेदन आएको थियो । यसमध्ये मन्त्रालयको सर्च कमिटीले १९७ जना योग्य उम्मेदवारको सर्टलिस्ट बनाएको थियो । त्यसमध्ये छान्दा ९ जना महिला मात्रै बाँकी रहेका थिए ।

दोस्रो चरणमा कुल सर्टलिस्ट ८२ जना पुऱ्याउँदा ६ जना महिला उम्मेदवारमात्रै सर्टलिस्टमा परेको मन्त्रालयले जनाएको छ । शिक्षा मन्त्री पोखरेलको सचिवालय एक सदस्यले सेतोपाटीलाई दिएको जानकारीअनुसार आवेदन नै कम पर्दा पनि महिला उपकुलपति बनेनन् ।

'नियतवश महिलालाई उपकुलपति नबनाउने भन्ने होइन । महिला उपकुलपति नपरेकोमा हामी जानकार पनि छौं । यही विषयमा आलोचना पनि भयो । तर दुःखको कुरा आवेदन नै कम पऱ्यो । धेरै आवेदन नै पुरूषको परेको देखियो । जसकारण महिला उम्मेदवार पर्न सकेन,' शिक्षा मन्त्री पोखरेलको सचिवालयका एक सदस्यले भने ।

त्यस्तै अहिले बाँकी रहेका विश्वविद्यालय तथा अन्य नियुक्ति प्रक्रियामा पनि महिलाको उम्मेदवारी न्यून रहेको उनले बताए । 'अहिले नियुक्ति प्रक्रियामै पनि केही उम्मेदवारहरू बाँकी छन् तर त्यसमा पनि एकदमै न्यून छ । जसकारण चाहेर पनि भन्न सकिने अवस्था छैन,' उनले भने ।

## घुयँत्रो



बुलबुले ताल अर्थात सुर्खेत जिल्लालाई अरु माझ परिचित गराउने पर्यटिकय स्थल ।बाहिरि पर्यटकहरुलाई आकर्षण गर्दै सुर्खेतमा पर्टक भित्र्याउने यो बुलबुले ताल, तालहेरेरै मानिस आकर्षित हुने भन्दानि त्यै तालको नाममा बनेको पार्कले नि मानिसहरुलाई टाढाटाढाबाट त्यो स्थानमा आउन र पिकनिक खान तथा डुङ्गा सयर गर्न मानिसका लागि बुलबुले ताल निकै लोकप्रिय बन्दै गै रहेको थियो । तर विगत केही दिनदेखि बुलबुले तालका कुनै पनि धाराहरुबाट पानी झर्न नसकेको समाचारले सुर्खेतिहरुलाई स्तब्ध बनाएकोछ । नगरपालिका नगरविकास समितिको पदेन अध्यक्ष भएपछि होस वा नगर विकास समितिले बुलबुलेलाई अत्याधुनिक निहुमा होस बुलबुल गरेर पानी निस्कने ठाउँमा सिमेन्ट र कङ्क्रिटले त्यसलाई सिंगार्ने प्रकृयाको जब थालनि भयो तब बिस्तारै कंक्रिटले ढाकिन थालेनि पानी निस्कनै त्यसैपनि कमि हुँदै गै रहेको थियो ।त्यसैक्रममा गतबर्ष फेरि तालमा जब कंक्रिटको पर्खाल लगाइयो र पुन नयाँ ढाँचामा धारा जोडियो त्यसबेला देखिनै बुलबुले केही विवादमानि आयो ।धाराहरुबाट नुहाउन नसकिने कुरा आए । जसले गर्दा नुहाउन जानेमान्छेहरुमा कमि आयो । पार्कको अस्त व्यस्ततासितै बुलबुले तालमा पानीको अभाब भएर धाराहरुबाट पानी नआउने भएछि सुर्खेतको त्यो लोकप्रियता र " सुर्खेत बुलबुल ताल मायाँ मै सानो हुनाले........... र "सुर्खेतमा शालिना बुलबुले ताल मन तरुनो शालिना ज्यान बुढो यो साल " भन्ने बुलबुलेलाई चिनाउने गीतकोनि म्याद सक्कियो जस्तो छ अब ।मध्यपश्चिम विश्व विद्यालयलाई जग्गा दिने नाममा शहर भित्रको कुईने पानी पार्कलाई नै सिध्याएर यौटा भारतीय (उ पेन्द्र यादबको मान्छे ) ले उपत्यका नगर विकास समितिको अध्यक्षका नाताले र विविलाई जग्गा दिईनु र उक्त जग्गामा कुनै सोच विचार नगरि मपविविले बालुवा, सिमेन्ट र गिटिका संरचना बनाईँदैजानुले कुईने पानीकै कुवासमेत सुकेको र त्यहि कारणले अब बुलबुले तालमा पनि पानी नहुने अनुमान गरिँदैछ । त्यै तालका नाममा सरकारले अधिग्रहण गरेको ३५ विगाहा जग्गानि आज५३ बर्षको अबधिमा पनि न पार्कको रुपरङ्गमा लगिएकोछ न अन्य कुनै आकर्षणको केन्द्र बनाएर जाने सोच बनाईएकोछ । सरकारै पिच्छे नयाँ समिति बनाउने र उक्त समितिले पनि त्यो ठाउँको उच्चतम प्रयोग गर्ने सोच बनाउन नसक्दा बुलबुले क्षेत्र बाँदरको हातमा नरिवल जस्तै भएर फनफनि घुमि रहेकोछ । बुलबुलेको विकास गर्ने हो र यो नगरको शोभा र यसलाई पर्यटकिय क्षेत्रका रुपमा विकास गर्नु पर्छ भन्ने धारणा भएका नगर प्रमुख आएर यसलाई नगरकै यौटा शाखा वा छुट्टै स्थायी निकायको जिम्मामा हालेर जबसम्म यसलाई लगिँदैन तबसम्म यो आधा सताब्दिमा जुन चालमा यहाँसम्म आईपुग्यो र अगाडिका दिनमा त्यै वा त्यो भन्दा तन्नम भएर जाने संकेत बुलबुले ताल सुक्दै जानुले देखाई सकेकोछ । अब त झन स्थानीय तह चुनाबमा जाँदै छन त्यो अबधि भनेको बुलबुलेको लागि संकट हो । एकातिर तनलमन पानी सुक्नु अर्कोतिर ऐले हेरचाह गर्ने निकाय चुनाबमा जान लाग्दा त्यसतिर कसैले दृष्टि नपुर्याउने अबस्था हुँदा यो पर्यटकिय क्षेत्रको साखनै डुब्ने स्थिति पैदा हुँदैछ । त्यसैले नगर पालिकाले यसको अस्थित्व बचाई राख्दिननि वर्तमान प्रतिनिधिहरु जानू अघि यसलाई कसरी बचाई राख्ने भन्ने निश्चित खाका कोरेर जान जरुरीछ । अन्यथा १ बर्षकै अबधिमा बुलबुले तालको अस्थित्व नामेट हुन सक्छ । जनप्रतिनिधिमा चेतना भया ।

# लामिछाने निवासमा बालेनको चार घण्टा लामो राजनीतिक संवाद

**युग संवाददाता**
**काठमाडौं, २८ असार ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन शाहबीच आइतबार चार घण्टाभन्दा बढी समय राजनीतिक भेटवार्ता भएको छ ।

बूढानीलकण्ठस्थित लामिछाने निवासमा भएको छलफल समसामयिक राजनीति, पार्टी संगठन र राष्ट्रिय मुद्दामा केन्द्रित रहेको स्रोतले जनाएको छ ।



बिहान करिब ११ बजे लामिछाने निवास पुगेका प्रधानमन्त्री शाहले झण्डै सवा ३ बजेसम्म कुराकानी गरेका थिए । लामो समयसम्म चलेको भेटलाई रास्वपाभित्रको आगामी रणनीति र राजनीतिक गतिविधिसँग जोडेर हेरिएको छ ।

स्रोतका अनुसार छलफलमा सुकुम्बासी व्यवस्थापन, समसामयिक राजनीतिक अवस्था तथा पार्टीको संगठन विस्तारका विषयमा विचार-विमर्श भएको थियो । हालै सम्पन्न रास्वपाको पहिलो महाधिवेशनपछि मनोनयन हुन बाँकी पदाधिकारी र केन्द्रीय सदस्य चयनको विषयमाथि पनि भेटघाटमा कुराकानी भएको थियो ।

सभापतिले ११ पदाधिकारी र ५१ केन्द्रीय सदस्य मनोनयन गर्न बाँकी छ । सोही प्रक्रिया टुंग्याउने विषयमा दुवै नेताबीच प्रारम्भिक कुराकानी भएको हो ।

दुई नेताबीचको कुराकानीमा मनोनित हुने नेताहरूको प्रारम्भिक सूची नै तयार भएको छ । भेटमा पार्टीको आगामी कार्यदिशा, संगठन सुदृढीकरण र जिम्मेवारी बाँडफाँटबारे पनि कुराकानी भएको थियो ।


९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)



सामेल एग्रिकल्चर प्रा.लि.

वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।



budhakarna287@gmail.com

थप जानकारीका लागि : ९८५८०७१९०२



पश्चिम नेपालकै सबै भन्दा ठूलो २८X४० साईजको मेसिनबाट छपाई

RARA Printing Pvt.Ltd.

रारा प्रिन्टीङ्ग प्रा.लि.

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं. ९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९


**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।